# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

-२.७० १४४६

मिति: २०७४/०५/२२

**भरतपुर महानगरपालिकाको वजार व्यवस्थापन सम्बन्धी**

**प्रेश बिज्ञप्ति**

आज मिति २०७४ भाद्र २२ गते बिहिवारका दिन भरतपुर महानगरपालिकामा बजार व्यवस्थापन सम्बन्धि वैठक सम्पन्न भएको छ । आज बसेको वैठक बाट मिति २०७४ असोज १ गते बाट लागु हुने गरी भरतपुर महानगरपालिकाको बजार क्षेत्रमा पार्किङ्ग व्यवस्थापनको लागि पुल्चोक बजार क्षेत्रको लागि नारायणी नदी किनार, लायन्स चोक वरिपरि क्षेत्रको लागि समाजसेवी दिनेश कुमार चुकेको अगुवाईमा गणेस चलचित्र हल पछाडिको खाली जमिन, प्रहरीको अस्थायी बिट रहेको क्षेत्र नजिक र चौबिस कोठी लगायतका क्षेत्रहरुको लागि चितवन मा.बि.को जग्गा र जिल्ला प्रहरी कार्यालय अगाडीको गेष्ट हाउस चौरमा सशुल्क पार्किङ्गको व्यवस्था मिलाइने । तिनपांग्रे सवारी साधनको चापलाई कम गर्न रिगंरोड क्षेत्रभित्र जोर बिजोर प्रणाली लागु गर्ने, यसैगरी अव्यवस्थित ठेला व्यवसायीलाई अर्को व्यवस्था नभए सम्मको लागि कालोपत्रे सडक भित्र ठेला व्यवसाय गर्न नपाउने व्यवस्था मिलाउने र व्यापारीहरुले आफ्नो पसल भन्दा बाहिर सामान राखी व्यापार व्यवसाय गरेको देखिएकोले त्यसरी व्यापार व्यवसाय नर्गन महानगरपालिकाबाट पत्राचार एवंम सूचना प्रवाह गराउने र अटेर गरी व्यापार व्यवसाय संचालन गरेको पाइएमा सामान जफत गर्ने निर्णय गरिएको छ । मिति २०७४ जेठ ७ गते पछि बिरगंज यातायात अंचल कार्यालयबाट इजाजत लिई संचालनमा आएका तिनपांग्रे सवारी साधनलाई रिगंरोड भित्र पूर्ण रुपमा निषेध गर्ने निर्णय गरिएको छ । भरतपुर महानगरपालिका नगर प्रमुख श्री रेणु दाहाल ज्यूको अध्यक्षतामा बसेको बैठकमा उप मेयर श्री पार्वती शाह ठकुरी, प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद भट्ट, वडा नं १,२,३,९,१०,११ र १२ का वडा अध्यक्ष, एस.पि दिपक थापा, उवा संघ चितवनका अध्यक्ष राजन गौतम, उद्योग संघका उपाध्यक्ष राजु पौडेल,स्थानीय बिकास अधिकारी, यातायात व्यवसायी, ट्राफिक प्रहरी प्रमुख, व्यवसायी एवं समाजसेवी दिनेश चुके, बैंकर संघ चितवनका अध्यक्ष, पत्रकार लगायत अन्य व्यक्तिहरुको उपस्थिति रहेको थियो । महानगरपालिकाको यस अभियानलाई सफल बनाउन सवैको साथ र सहयोगको अपेक्षा गर्दछौ ।

प्रेमराज जोशी

कार्यकारी अधिकृत

कार्यकारी अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


च.नं. ९४५८

मिति: २०७४/०५/२३

**भरतपुर महानगरपालिकाको एकिकृत शहरी पूर्वाधार बिकास कार्यक्रम सम्बन्धी**

**प्रेश बिज्ञप्ति**

आज मिति २०७४ भाद्र २३ गते शुकबारका दिन भरतपुर महानगरपालिकामा एकिकृत शहरी पूर्वाधार बिकास सम्बन्धि छलफल कार्यक्रम सम्पन्न भएको छ । भरतपुर महानगरपालिकाकामा आ.व. २०७४/०७५ बाटै लागू हुने गरि नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी बिकास तथा भवन निर्माण बिभाग द्वारा शुरु भएको सघन शहरी विकास कार्यक्रम अर्न्तगत एकिकृत शहरी पूर्वाधार बिकास कार्यक्रम कार्यान्वयन गर्ने निर्णयलाई भरतपुर महानगरपालिका हार्दिक स्वागत गर्दछ । भरतपुर महानगरपालिका नगर प्रमुख श्री रेणु दाहाल ज्यूको अध्यक्षतामा बसेको छलफल कार्यक्रममा प्रमुख अतिथि पूर्व प्रधानमन्त्री एवं ने.क.पा. माओवादी केन्द्रका अध्यक्ष श्री पूष्पकमल दाहाल प्रचण्ड ज्यू, शहरी बिकास मन्त्रालयका माननीय मन्त्री श्री प्रभु शाह, माननीय कृष्ण भक्त पोखरेल, माननीय सन्त कुमार दराई, शहरी विकास तथा भवन निर्माण बिभागका महानिर्देशक, बिभिन्न राजनैतिक दलका प्रमुखहरु, उप मेयर श्री पार्वती शाह ठकुरी, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु, उ.वा. संघ चितवनका अध्यक्ष, उद्योग संघका उपाध्यक्ष, स्थानीय बिकास अधिकारी, ट्राफिक प्रहरी प्रमुख, पत्रकार लगायत अन्य सरोकारवाला व्यक्तिहरुको उपस्थिति रहेको थियो । भरतपुर महानगरपालिकालाई स्मार्ट सिटिको रुपमा बिकास गर्नका लागि आवश्यक कार्यकमहरु एकिकृत रुपमा अगाडी बढाउन प्रमुख अतिथी तथा अन्य अतिथीबाट सुझाव प्रस्तुत गर्नु भएकोमा सवै प्रति महानगरपालिका हार्दिक आभार प्रकट गर्दछौ ।

प्रेमराज जोशी

कार्यकारी अधिकृत

कार्यकारी अधिकृत


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np